डोल्पो बुद्ध गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धो डोल्पा कर्णाली प्रदेश नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७/०८/१८)

यस गाउँपालिका कार्यालयको आर्थिक वर्ष २०७७/०७८को स्वीकृत कार्यक्रम अनुसार देहायमा उल्लेखित झोलुंगे पुलहरुको स्टिल पार्टस खरिद कार्य शिलबन्दी दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पुर्वाधार विकास शाखा (डोलि)मा सुचिकृत भएका कम्तिमा ५ वटा पुलको फलामे सामाग्री निर्माण गरी उपलब्ध गराएको अनुभवपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१.दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र चालु आर्थिक वर्ष का लागि नविकरण भएको कम्पनी दर्ता तथा ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७६।०७७ सम्मको कर चुक्ता प्रमाणपत्र नेपाली नागरिकता को प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक इजाजतपत्र प्राप्त निर्माण व्यवसायी वा निजको प्रतिनिधिले कार्यालय समय भित्र रित पूर्वक निवेदन दिई तल उल्लेख भए अनुसारको दरभाउ पत्र दस्तुर राष्ट्रिय बाणिज्य बैंक लिमिटेड डोल्पोबुद्ध शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं..४५४०१००३०१०१०००२मा जम्मा गरेको बैंक भौचर पेश गरी लिन सकिने छ । अधिकार प्राप्त प्रतिनिधि मार्फत सिलवन्दी दरभाउ पत्र खरिद प्रकृयामा भाग लिन अनिवार्य रुपमा अधिकार पत्र (Power of Attorney) पेश गर्नुपर्ने छ ।

२.खरीद भएका दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र सिलवन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा सिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि सो सिलवन्दी दरभाउ पत्र खोल्न वाधा पर्नेछैन । दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

३. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा मान्यता प्राप्त बैंक बाट जारी गरीएको बैंक जमानत पत्र वा नगदै यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड डोल्पोबुद्ध शाखामा रहेको धरौटी खाता नं.४५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउ पत्र दाताले आफूले कवोल गरेको अंक मूल्य अभिवृद्धी कर वाहेकको हुनुपर्नेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन । दरभाउ पत्र भर्दा केर मेट भएमा केर मेट भएको ठाउमा सहिछाप भएको हुनुपर्नेछ ।

६.दरभाउपत्रदाता बाट दरभाउपत्र को उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७.यस गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण करहरु सिलवन्दी दरभाउ पत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ ।

९. एक फर्मको नाममा खरिद भएको दरभाउ पत्र कागजात अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

१०. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून अनुसार हुनेछ

११. थप जानकारीको लागि यस कार्यालयको वेभ साइट www.dolpobuddhamun.gov.np वा टेलिफोन नम्बर ०८७-५५००४६ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र. स. | ठेक्का नम्बर | कामको विवरण (स्टिल पार्टस फेब्रिकेशन तथा रोडहेड सम्म ढुवानी कार्य) | लागत अनुमान (मू.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **DBRM/Dolpa/TB-Swap-01/2077-078** | मेन्डो स्टिल ट्रस बृजको स्टिल पार्टस फेब्रिकेशन तथा रोडहेड सम्म सामान ढुवानी कार्य | ७,५१८५५।३३ | २३,०००।०० | १००० | |
| २ | **DBRM/Dolpa/TB-02/2077-078** | न्याका स्टिल ट्रस बृजको स्टिल पार्टस फेब्रिकेशन तथा रोडहेड सम्म सामान ढुवानी कार्य | ८४२१८५।२७ | २६,०००।०० | १००० | |

प्रमुख प्रशासकीय अधिकृत

गौतम पंजानी
प्रमुख प्रशासकीय अधिकृत